नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग २८ गते २०२२ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

श्री ५ को सरकारले न्यायसेवाका गजेटेड द्वितीय र तृतीय श्रेणीका पदहरूमा देहाय-वमोजिम सरुवा र सरुवा बढुवा गरेको छः–

२०२२।१।७।२ मा

१. उदयपुर जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री जगदानन्द मिश्रलाई काठमाडौं जिल्ला अदालतको अतिरिक्त जिल्ला न्यायाधीशमा सरुवा ।

२. दैलेख जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री विश्वनाथ उपाध्यायलाई भक्तपुर जिल्ला अदालतको अतिरिक्त जिल्ला न्यायाधीशमा सरुवा ।

२०२२।२।१८।२ मा

३. जिल्ला न्यायाधीश श्री खडानन्दप्रसाद उपाध्यायलाई भेरी अञ्चल अदालतको अञ्चल न्यायाधीश पदमा सरुवा बढुवा ।

४. भेरी अञ्चल अदालतका अञ्चल न्यायाधीश श्री जयदेव भट्टलाई गण्डकी अञ्चल अदालतको अञ्चल न्यायाधीशमा सरुवा ।

५. बांके जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री तुलसीप्रसाद श्रेष्ठलाई बर्दिया जिल्ला अदालतको जिल्ला न्यायाधीशमा सरुवा ।

५८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६ बर्दिया जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री मदनमोहन जोशीलाई बांके जिल्ला अदालतमा सरुवा ।

२०२२।४।२।१ मा

७. बैतडी जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री नरेन्द्रबहादुर न्यौपानेलाई सर्वोच्च अदालतको एडिटर पदमा सरुवा ।

२०२२।६।६।४ मा

८. स्याङ्जा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री उमानिधि तिवारीलाई रसुवा तथा नुवाकोट जिल्ला अदालतमा सरुवा ।

९. कञ्चनपुर जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री फणीन्द्रप्रसाद कोइरालालाई स्याङ्जा जिल्ला अदालतमा सरुवा ।

१०. जिल्ला न्यायाधीश श्री प्रचण्डराज अनिललाई रौतहट जिल्ला अदालतमा सरुवा ।

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

विशेष अदालत ऐन, २०१३ (संशोधनहरू सहित) को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छः–

काठमाडौं जिल्ला अदालतमा डायर भइरहेको वादी श्री ५ को सरकार प्रत्यवादी का. इ. त्यौड बस्ने डा. गयाराम श्रेष्ठसमेत भएको सवारी ज्यान मुद्दा उक्त अदालतबाट झिकी कारवाई किनारा गर्न वाञ्छनीय विशेष अदालतलाई सुम्पेको छ ।

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।